बागमती प्रदेश सभा

दोस्रो कार्यकाल

छैठौं अधिवेशन

बैठक संख्या: १८

सूचना पत्र - १

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८२ असार २३ गते, सोमबार

बागमती प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा बिहान ८:४० बजे प्रारम्भ भयो।

त्यसपछि माननीय सभामुखले आजको बैठकमा शुन्य समय र विशेष समय नरहने व्यहोरा जानकारी गराउँनुभयो ।

तत्पश्चात माननीय सभामुखले **"आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२"** को विभिन्न शीर्षकमाथिको समुहिकृत छलफल अन्तर्गत संस्कृति तथा पर्यटन मन्त्रालय, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा सचिवालय, प्रदेश लोक सेवा आयोग, प्रदेश नीति तथा योजना आयोग, मुख्यन्यायधिवक्ताको कार्यालय माथिको एकमुष्ठ बाँकि छलफल प्रारम्भ गर्नुहुँदै छलफलमा भाग लिन चाहानुहुने माननीय सदस्यहरूलाई १० मिनेटको समय निर्धारण गरेको जानकारी गराउँनु भयो । उक्त छलफलमा देहायका माननीय सदस्यहरुले भाग लिनुभयो:-

१. माननीय इन्द्र बहादुर बानिया

२. माननीय जगन्नाथ थपलिया

३. माननीय मधुसुदन पौडेल

४. माननीय रत्नप्रसाद ढकाल

५. माननीय गोविन्द लम्साल

तत्पश्चात माननीय आशा लामा र माननीय कुमारी तामाङले संयुक्त रुपमा राख्नुभएको प्रस्ताव माननीय आशा लामालाई आर्थिक मामिला तथा योजना मन्त्रालय माथिको आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्न माननीय सभामुखले अनुमति दिनुहँदा उहाँ अनुपस्थित रहनुभएकोले प्रस्ताव प्रस्तुत भएन ।

त्यसपछि माननीय सभामुखले अन्य खर्च कटौतिको प्रस्तावहरु प्रस्तुत गर्न अनुमति दिनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरुले आ-आफ्नो खर्च कटौतिको प्रस्ताव प्रस्तुत गर्नुभयो:-

१. माननीय देवेन्द्र श्रेष्ठल- उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय,

२. माननीय रुकु चौलागाई- सहकारी तथा गरिबी निवारण मन्त्रालय,

३. माननीय शुष्पा भुजेल न्यौपाने- कृषि तथा पशुपन्छि विकास मन्त्रालय,

४. माननीय प्रेम बहादुर पुलामी- कृषि तथा पशुपन्छि विकास मन्त्रालय,

५. माननीय उर्मिला कुमारी लामा- वन तथा वातावरण मन्त्रालय

६. माननीय सृजना सायजु- सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय,

यसैबिच माननीय उर्मिला कुमारी लामाले आफ्नो खर्च कटौति प्रस्ताव राखिसकेपछि माननीय छिरिङ्ग दोर्जे लामाले प्रदेश सभा नियमावली,२०७४ को नियम १९ को खण्ड(च) विपरित सभामुखको आसन र वक्ता सदस्य बिचबाट माननीय सदस्यहरुले हिड्नुभएको भनि नियमापत्ति गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले यसतर्फ आफ्नो ध्यानाकर्षण भएको र सबै माननीय सदस्यहरुलाई उक्त नियम पालना गर्ने तर्फ ध्यान दिन अनुरोध गर्नुभयो।

त्यसपछि माननीय सभामुखले विषयगत मन्त्रालयका माननीय मन्त्रीहरूलाई "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" को विभिन्न शीर्षक माथिको छलफलका क्रममा उठेका प्रश्नहरूको जबाफ दिन समय दिनुभयो।

सर्वप्रथम माननीय संस्कृति तथा पर्यटन मन्त्री श्री बिमल ठकुरीले संस्कृति तथा पर्यटन मन्त्रालय माथिको छलफलको क्रममा उठेका प्रश्नहरूको जबाफ दिनुभयो। उक्त जवाफको सम्बन्धमा देहाय बमोजिमका माननीय सदस्यहरुले सोध्नु भएको पुरक प्रश्नको जवाफ माननीय मन्त्रीले दिनुभयो।

१. माननीय रामकृष्ण चित्रकार
२. माननीय एकालाल श्रेष्ठ
३. माननीय रत्न प्रसाद ढकाल
४. माननीय डा. दिनेशचन्द्र देवकोटा
५. माननीय सुरेन्द्रराज गोसाई
६. माननीय उत्तम जोशी
७. माननीय पुकार महर्जन

त्यसपछि माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री श्री शुक माया तामाङले उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय माथिको छलफलको क्रममा उठेका प्रश्नहरूको जबाफ दिनुभयो। उक्त जवाफको सम्बन्धमा देहाय बमोजिमका माननीय सदस्यहरुले सोध्नु भएको पुरक प्रश्नको जवाफ माननीय मन्त्रीले दिनुभयो।

१. माननीय रत्न प्रसाद ढकाल
२. माननीय प्रभात तामाङ
३. माननीय बालकुमारी विश्वकर्मा
४. माननीय राधिका तामाङ
५. माननीय यमुनादेवी श्रेष्ठ
६. माननीय रुकु चौलागाई
७. माननीय अमृता नेपाल
८. माननीय रामकृष्ण चित्रकार

त्यसपछि माननीय युवा तथा खेलकुद मन्त्री श्री मिन कृष्ण महर्जनले युवा तथा खेलकुद मन्त्रालय माथिको छलफलको क्रममा उठेका प्रश्नहरूको जबाफ दिनुभयो। उक्त जवाफको सम्बन्धमा देहाय बमोजिमका माननीय सदस्यहरुले सोध्नु भएको पुरक प्रश्नको जवाफ माननीय मन्त्रीले दिनुभयो।

१.माननीय रुकु चौलागाई
२. माननीय रत्न प्रसाद ढकाल

तत्पश्चात माननीय सहकारी तथा गरिबी निवारण मन्त्री श्री मदु कुमार श्रेष्ठले सहकारी तथा गरिबी निवारण मन्त्रालय माथिको छलफलको क्रममा उठेका प्रश्नहरूको जबाफ दिनुभयो। उक्त जवाफको सम्बन्धमा देहाय बमोजिमका माननीय सदस्यहरुले सोध्नु भएको पुरक प्रश्नको जवाफ माननीय मन्त्रीले दिनुभयो।

१. माननीय सुना परियार
२. माननीय बालकुमारी विश्वकर्मा
३. माननीय रत्न प्रसाद ढकाल

त्यसपछि माननीय श्रम, रोजगार तथा यातायात मन्त्री श्री प्रेमभक्त महर्जनले श्रम, रोजगार तथा यातायात मन्त्रालय माथिको छलफलको क्रममा उठेका प्रश्नहरूको जबाफ जबाफ दिनुभयो। उक्त जवाफको सम्बन्धमा देहाय बमोजिमका माननीय सदस्यहरुले सोध्नु भएको पुरक प्रश्नको जवाफ माननीय मन्त्रीले दिनुभयो।

१. माननीय प्रभात तामाङ
२. माननीय रुकु चौलागाई
३. माननीय प्रेम बहादुर पुलामी
४. माननीय यमुनादेवी श्रेष्ठ

तत्पश्चात माननीय सामाजिक विकास मन्त्री श्री हरि प्रभा खड्गी (श्रेष्ठ) ले सामाजिक विकास मन्त्रालय माथिको छलफलको क्रममा उठेका प्रश्नहरूको जबाफ दिनुभयो। उक्त जवाफको सम्बन्धमा देहाय बमोजिमका माननीय सदस्यहरुले सोध्नु भएको पुरक प्रश्नको जवाफ माननीय मन्त्रीले दिनुभयो।

१. माननीय राम कुमार पाहाडी
२. माननीय मातृका प्रसाद भट्टराई
३. माननीय श्रीराम लामिछाने
४. माननीय अमृता नेपाल
५. माननीय बालकुमारी विश्वकर्मा

त्यसपछि अध्यक्षता गरिरहनुभएको माननीय सभामुख अपसरा चापागाईले सभाको यो बैठक आजै १:३० बजे बस्ने गरी दिनको १२:५४ बजे स्थगित गर्नुभयो ।

तदुपरान्त माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा १:३० बजे बस्ने गरी स्थगित भएको सभाको बैठकको कारबाही दिनको १:५० बजे पुनः प्रारम्भ भयो ।

त्यसपछि माननीय स्वास्थ्य मन्त्री श्री किरण थापा मगरले स्वास्थ्य मन्त्रालय माथिको छलफलको क्रममा उठेका प्रश्नहरूको जबाफ दिनुभयो। उक्त जवाफको सम्बन्धमा कुनैपनि माननीय सदस्यहरुले पुरक प्रश्न सोध्नु भएन ।

तत्पश्चात माननीय खानेपानी, उर्जा तथा सिचाईं मन्त्री श्याम बहादुर खड्काले खानेपानी, उर्जा तथा सिचाईं मन्त्रालय माथिको छलफलको क्रममा उठेका प्रश्नहरूको जबाफ दिनुभयो। उक्त जवाफको सम्बन्धमा देहाय बमोजिमका माननीय सदस्यहरुले सोध्नु भएको पुरक प्रश्नको जवाफ माननीय मन्त्रीले दिनुभयो।

१. माननीय रुकु चौलागाई
२. माननीय अमृता नेपाल
३. माननीय रत्न प्रसाद ढकाल

त्यसपछि माननीय वन तथा वातावरण मन्त्री श्री कृष्ण प्रसाद सिलवालले वन तथा वातावरण मन्त्रालय माथिको छलफलको क्रममा उठेका प्रश्नहरूको जबाफ दिनुभयो। उक्त जवाफको सम्बन्धमा देहाय बमोजिमका माननीय सदस्यहरुले सोध्नु भएको पुरक प्रश्नको जवाफ माननीय मन्त्रीले दिनुभयो।

१. माननीय अमृता नेपाल
२. माननीय प्रभात तामाङ
३. माननीय शुष्पा भुजेल न्यौपाने
४. माननीय प्रेम बहादुर पुलामी
५. माननीय रत्न प्रसाद ढकाल

तत्पश्चात माननीय भौतिक पुर्वाधार विकास मन्त्री श्री अमन कुमार मास्केले भौतिक पुर्वाधार विकास मन्त्रालय माथिको छलफलको क्रममा उठेका प्रश्नहरूको जबाफ दिनुभयो। उक्त जवाफको सम्बन्धमा देहाय बमोजिमका माननीय सदस्यहरुले सोध्नु भएको पुरक प्रश्नको जवाफ माननीय मन्त्रीले दिनुभयो।

१. माननीय रत्न प्रसाद ढकाल
२. माननीय प्रभात तामाङ
३. माननीय अमृता नेपाल
४. माननीय कञ्चन चन्द्र वादे
५. माननीय प्रेम बहादुर पुलामी
६. माननीय बालकुमारी विश्वकर्मा

त्यसपछि माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री प्रकाश श्रेष्ठले कृषि तथा पशुपन्छी विकास मन्त्रालय माथिको छलफलको क्रममा उठेका प्रश्नहरूको जबाफ दिनुभयो । उक्त जवाफको सम्बन्धमा देहाय बमोजिमका माननीय सदस्यहरुले सोध्नु भएको पुरक प्रश्नको जवाफ माननीय मन्त्रीले दिनुभयो।

१. माननीय अमृता नेपाल
२. माननीय रुकु चौलागाई
३. माननीय शुष्पा भुजेल न्यौपाने

तत्पश्चात माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दनराज काफ्लेले आर्थिक मामिला तथा योजना मन्त्रालय माथिको छलफलको क्रममा उठेका प्रश्नहरूको जबाफ दिनुभयो। उक्त जवाफको सम्बन्धमा देहाय बमोजिमका माननीय सदस्यहरुले सोध्नु भएको पुरक प्रश्नको जवाफ माननीय मन्त्रीले दिनुभयो।

१. माननीय रत्न प्रसाद ढकाल
२. माननीय प्रेम बहादुर पुलामी
३. माननीय अमृता नेपाल
४. माननीय शुष्पा भुजेल न्यौपाने

त्यसपछि माननीय मुख्यमन्त्री श्री बहादुर सिहं लामा (तामाङ) ले आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेको तर्फबाट आन्तरिक मामिला तथा कानुन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, प्रदेश सभा सचिवालय, प्रदेश लोकसेवा आयोग, प्रदेश नीति तथा योजना आयोग, मुख्यन्यायाधिवक्ताको कार्यालय माथिको छलफलको क्रममा उठेका प्रश्नहरूको जबाफ दिनुभयो। उक्त जवाफको सम्बन्धमा देहाय बमोजिमका माननीय सदस्यहरुले सोध्नु भएको पुरक प्रश्नको जवाफ माननीय मुख्यन्त्रीले दिनुभयो।

१. माननीय प्रेम बहादुर पुलामी
२. माननीय बाल कुमारी विश्वकर्मा
३. माननीय रत्न प्रसाद ढकाल

त्यसपछि माननीय सभामुखले खर्च कटौतीको प्रस्ताव दर्ता गराउनु हुने माननीय सदस्यहरूलाई आफ्नो खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहेमा प्रस्ताव फिर्ता लिन समय दिनुभयो ।

तत्पश्चात माननीय सभामुखले माननीय आशा लामा र माननीय कुमारी तामाङले संयुक्त रुपमा राख्नुभएको खर्च कटौतीको प्रस्ताव प्रस्तुत नगर्नुभएकोले सो प्रस्तावलाई निर्णयार्थ पेश गर्नु नपर्ने व्यहोरा जानकारी गराउँनुभयो ।

त्यसपछि माननीय सभामुखले खर्च कटौतीको प्रस्ताव फिर्ता लिन समय दिनुहुँदा फिर्ता नलिनुभएका देहायका माननीय सदस्यहरुको प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा बहुमतले अस्वीकृत भयो ।

१. माननीय देवेन्द्र श्रेष्ठ
२. माननीय रुकु चौलागाई
३. माननीय शुष्पा भुजेल न्यौपाने
४. माननीय प्रेम बहादुर पुलामी
५. माननीय उर्मिला कुमारी लामा
६. माननीय सृजना सायजु

त्यसपछि माननीय सभामुखले मिति २०८२ असार २१ गते माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दनराज काफ्लेको तर्फबाट माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री सुरजचन्द्र लामिछानेले प्रस्तुत गर्नुभएको **"आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२"** मा थप भएका कार्यक्रमहरूलाई विधेयकको अङ्ग बनोस भनी निर्णयार्थ पेश गर्नुहँदा सभाबाट बहुमतले स्वीकृत भयो।

तत्पश्चात माननीय सभामुखले विधेयको दफा २ देखि १२ सम्मका दफाहरू तथा सो सँग सम्बन्धित उपदफाहरू र अनुसूची १ र २ विधेयकको अङ्ग बनोस् भन्ने प्रस्ताव निर्णयार्थ पेस गर्नुहँदा सभाबाट बहुमतले स्वीकृत भयो।

त्यसपछि माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँनुभई विधेयकको प्रस्तावना र नाम **"आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो।

तत्पश्चात माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दनराज काफ्लेले **"आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२"** लाई पारित गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत हुँदा बहुमतले स्वीकृत भयो ।

त्यसपछि माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दनराज काफ्लेले **"प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२"** माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो । उक्त छलफलमा देहायका माननीय सदस्यहरुले भाग लिनुभयो:-

१. माननीय सृजना सायजु
२. माननीय रत्न प्रसाद ढकाल
३. माननीय पुकार महर्जन
४. माननीय सुरेन्द्र सायजु गोसाई

तत्पश्चात माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दनराज काफ्लेले छलफलमा भाग लिनुभएका माननीय सदस्यहरुले उठाउँनुभएका प्रश्नको जवाफ दिनुभयो ।

त्यसपछि माननीय सभामुखले **"प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२"** माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतिले स्वीकृत भयो ।

तदनन्तर प्रदेश सभाको अर्को बैठक आजै १५ मिनेट बस्नेगरि यो बैठक ६:०० बजे स्थगित भयो ।

(रामकुमार पौडेल)
सचिव